**आठबीस नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १३ मिति : २०७६/११/२३

**भाग-२**

**आठबीस नगरपालिका**

## सवारी साधन तथा ईन्धनको प्रयोग सम्बन्धी मापदण्ड-२०७६

आठबीस नगरपालिकाको स्वामित्वमा रहेका मोटरसाईकल, गाडी, टिप्पर र डोजरलगायतका सवारी साधनको प्रयोग र सो मा प्रयोग हुने ईन्धनको वितरणलाई व्यवस्थित गरी अनावश्यक सरकारी सवारी साधनको दुरुपयोग हुनबाट रोक लगाउन आवश्यक भएकोले, आठबीस नगरकार्यपालिकाको मिति २०७६ फागुन २३ गते बसेको बैठकले यो मापदण्ड बनाई लागु गरेको छ।

१. चालक अनुमति प्राप्त व्यक्तिलाई मात्र सवारी साधन उपलब्ध गराईने :

नगरपालिकाले मोटरसाईकल उपलब्ध गराउदा आवश्यकताको प्राथमिकताका आधारमा उपलब्ध गराउनेछ। तर चालक अनुमिति प्राप्त नगरेको पदाधिकारी वा कर्मचारीलाई मोटरसाईकल उपलब्ध गराउने छैन। यस अघि मोटरसाईकल उपलब्ध गराईएका पदाधिकारी वा कर्मचारीहरुको हकमा समेत यो मापदण्ड लागु भएको मितिले ७ दिनभित्र आफूले प्रयोग गरेको मोटरसाईकलको अवस्था, प्रयोग गर्ने पदाधिकारी र चालक अनुमति पत्र सहितको विवरण र कागजात नगरपालिकामा पेश गरिसक्नुपर्नेछ।

२. ईन्धनको मापदण्ड :

अर्को व्यवस्था नभएसम्मका लागि मोटरसाईकल वा गाडी प्रयोग गर्ने



पदाधिकारी वा कर्मचारीलाई देहाय बमोजिमको ईन्धनको अधिकतम सीमा तोक्ने :

प्रति गाडी (मासिक १५० लिटर (डिजेल)

प्रति मोटरसाईकल - मासिक १५ लिटर (पेट्रोल)

३. यस बाहेक फिल्ड वा कार्यक्रमा जाँदा नपुग हुने भएमा के कुन प्रयोजनका लागि जाने कँहासम्म जाने हो अनुमानित दुरी समेत उल्लेख गरी माग फाराम स्वीकृत गरेर मात्र ईन्धन उपलब्ध गराईनेछ।

४. टिप्पर र डोजरको हकमा प्रयोजन खुलेको माग फाराम स्वीकृत गरेको आधारमा ईन्धन उपलब्ध गराईने।

५. सरकारी कामकाजको लागि निजी मोटरसाईकल प्रयोग गर्ने पदाधिकारी वा कर्मचारीलाई समेत माथि उल्लिखित ईन्धन उपलब्ध गराउन बाधा पर्ने छैन। तर त्यस्तो मोटरसाईकल सम्बन्धित पदाधिकारी वा कर्मचारीको स्वामित्वमा भएको व्यहोरा सवारी धनी प्रमाण पत्र (ब्लु बुक) बाट खुलेको हुनु पर्नेछ।

६. नीजि प्रयोजनका लागि सरकारी सवारी साधन प्रयोग गर्ने वा अनधिकृत रुपमा सवारी साधन प्रयोग गर्न पाईने छैन।

७. सरकारी सवारी साधनको प्रयोग गर्दा नगरपालिकाको पदाधिकारी वा कर्मचारी बाहेक अन्य व्यक्तिलाई चालकको रुपमा प्रयोग गर्न पाईने छैन।

**आज्ञाले**

**युवराज न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**